**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**गौचरको**
**पुनः शिलवन्दी बोलपत्र आव्हानको सूचना**
(सूचना प्रकाशित मिति २०७३।३।२९)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फ भुई तल्लाको चेकइन एरियामा बिद्युतिय भऱ्याङ्ग सँगै ५ बर्ग मिटर क्षेत्रफलमा हाल संचालनमा रहेको ATM सेवा संचालन गर्ने कार्यको ठेक्का वन्दोवस्त गर्न यस कार्यालयबाट मिति २०७३।२।२४ को गोरखापत्र राष्ट्रिय दैनिकमा शिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित भएकोमा तोकिएको समयावधि भित्र रीतपूर्वक एउटा मात्र शिलवन्दी बोलपत्र दर्ता हुन आएको हुँदा उक्त बोलपत्र रद्द गरी पुनः यो शिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिन सम्म मू.अ.कर समेत रु.३३९।- (तीन सय उनन्चालीस रुपैयाँ) रा.बा.बैंक गौचर शाखामा रहेको यस कार्यालयको खाता नं. ५८ मा जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा शिलवन्दी बोलपत्र दाखिला गर्न सकिने र सोही दिनको २:०० बजे प्राप्त शिलवन्दी बोलपत्र खोलिनेछ । बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ । यस कार्यालयबाट मिति २०७३।२।२४ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाका अन्य शर्तहरु यथावत कायम राखिएको व्यहोरा समेत जानकारी गराइन्छ ।